दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २१५ | बुटवल | २०८१ साउन १७, गते बिहीबार | नेपाल संवत ११४४ | Thursday Aug.1, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**फ्याट भाडामा**

बुटवल उप-महानगरपालिका-८, सुखखानगर भानुपथमा अवस्थित सुविधा सम्पन्न 3 BHK (3 Bed Room, 1 living Room, 1 Kitchen , 1 dining, 1 Toilet, Bath Room, 1 Toilet) गाडी पार्किङ्ग सहितको भुई तल्लाको फ्याट खाली रहेकोले भाडा लिन इच्छुक अफिस, गोदाम तथा ठूलो परिवारले सम्पर्क गर्नुहोला।

**सम्पर्क नं.**
**९८५७०३६७४९, ९८४७०८२०२१**

## एआइजी ज्ञवालीमाथि छानबिन गर्न समिति



**लुम्बिनी संवाददाता**
*बुटवल*

प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) श्यामलाल ज्ञवालीमाथि छानबिन गर्न समिति गठन भएको छ।

प्रहरी महानिरीक्षक (आइजी) बसन्तबहादुर कुँवरको निर्देशनमा प्रशासन विभागमा कार्यरत एआइजी टेकप्रसाद राईको नेतृत्वमा ज्ञवालीमाथि छानबिन गर्न समिति गठन गरिएको हो। एआइजी राईको नेतृत्वमा ५ जनाको छानबिन समिति बनाइएको प्रहरी प्रधान कार्यालय स्रोतले जनाएको छ। एआइजी ज्ञवालीमाथि प्रहरीको उजुरी छानबिन निर्देशनालयमा उजुरी परेकाले छानबिनका लागि समिति गठन गरिएको हो। उमेर विवाद, ६० किलो सुन प्रकरणमा फरार रहेका जीवन चलाउनेको विषयलगायतमा छानबिन गर्न समिति बनाइएको प्रहरी प्रधान कार्यालय स्रोतको दाबी छ। संगठनमा चेन अफ कमाण्डलाई बाइपास गरेर काम गरेको आरोप पनि ज्ञवालीमाथि लगाइएको छ। पूर्वन्यायाधीश डिल्लीराज आचार्य नेतृत्वको समितिले १ चैतमा गृहमा बुझाएको प्रतिवेदनमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी)को टोलीले ६० किलोको अनुसन्धान गर्दा गम्भीर लापरबाही गरेको उल्लेख गरेको थियो।

त्यसपछि सीआइबीका प्रमुख किरण बज्राचार्यलाई सीआइबीबाट हटाएर कार्य विभागमा कार्यरत रहेका एआइजी ज्ञवालीलाई सीआइबीको जिम्मा दिइएको थियो। त्यसयता उनी सीआइबीमै कार्यरत छन्। उमेर हदका कारण आगामी २६ भदौमा उनी अनिवार्य अवकाशमा जाँदैछन्। ज्ञवाली यसअघिका गृहमन्त्री रवि लामिछाने निकट भएर काम गरेका र पूर्व गृहमन्त्री बालकृष्ण खाँणलाई पक्राउ गर्न भूमिका खेलेका थिए।

**कांग्रेस सांसदको असन्तुष्टी**

यसैबिच नेपाली कांग्रेसका सांसद हृदयराम थानीले प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सीआइबी प्रमुख श्याम ज्ञवालीमाथि छानबिन थालेकोमा असन्तुष्टि व्यक्त गरेका छन्। बुधबार प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा बोल्दै सांसद थानीले सरकार फेरिने बित्तिकै ज्ञवालीमाथि छानबिन थाल्दा भोलि आइजीपी कुँवरमाथि छानबिन नहोला भन्न नसकिने बताए।

उनले आइजीपी कुँवरलाई हिजो आफू मातहत रहेको र सँगै काम गरेको प्रहरी अधिकारीलाई आज किन छानबिन गर्नुपर्‍यो भन्दै प्रश्न गरे। उनले बैठकमा सहभागी गृहमन्त्री रमेश लेखकलाई प्रहरी सङ्गठन भद्रगोल रहेको र सोँच विचार गरेर काम गर्न आग्रह गरे।

# ठूला दल मिल्दा साना दलहरू भूमिकाविहीन

**यसअघिका सरकार बनाउन ४–५ वटा साना दलहरूलाई समेट्नुपर्ने र रोजेका मन्त्रालय दिनुपर्ने बाध्यता सरकारको नेतृत्व गर्ने ठूला दलहरूलाई थियो, तर अब सबै साना दललाई समेट्न पर्दैन भने सरकारमा आउने दलले दिएका मन्त्रालयमा चित्त बुझाउनुको विकल्प छैन।**

**दशरथ घिमिरे**
*दाङ*



लुम्बिनी प्रदेशका निवर्तमान मुख्यमन्त्री जोखबहादुर महराले चैत ३० गते प्रदेशसभामा विश्वासको मत लिँदै गर्दा एमाले र कांग्रेसको स्पष्ट बहुमत थियो। तर, उनलाई साना राजनीतिक दलहरूले पनि मत दिए। त्यसको पछाडिको स्वार्थ सरकारमा जाने र मन्त्रीको बार्गेनिङ् थियो। चैत २३ गते मुख्यमन्त्रीमा नियुक्त भएका महरालाई पाँच राजनीतिक दलका ४७ र एक स्वतन्त्र सांसद गरी ४८ जना प्रदेशसभा सदस्यको समर्थन थियो।

उतिबेला एमालेबाट दल उपनेता चेतनारायण आचार्य, माओवादी केन्द्रबाट दीपेन्द्र पुन र जसपाबाट भण्डारीलाल अहिर मन्त्री बनिसकेका थिए। जसपालाई दुई मन्त्रालय दिने सहमति थियो। अनि एकिकृत समाजवादी र एक स्वतन्त्र सांसदलाई पनि सरकारमा सहभागी गराउने लिखित सम्झौता थियो। प्रदेशसभामा एक जना मात्रै सदस्य रहेको नेकपा एकिकृत समाजवादी र एक जना स्वतन्त्र सांसद सरकारलाई समर्थन गरेकै आधारमा मन्त्रीको कुर्सीमा पुग्ने अवस्था रह्यो। तर, अब लुम्बिनी प्रदेशमा ठूला राजनीतिक दल नेकपा एमाले र नेपाली कांग्रेस मिल्दा साना राजनीतिक दलको बार्गेनिङ् र भूमिका शून्यमा झरेको छ।

प्रदेश स्थापना भएदेखि पाँच वटा सरकार बनाउन निर्णायक भूमिकामा रहेका साना राजनीतिक दल एमाले र कांग्रेसबिच सहकार्य भएपछि सरकार बनाउने सन्दर्भमा उनीहरूको भूमिका गौण बन्न पुगेको हो। अहिले लुम्बिनीमा एमाले र कांग्रेसका ५६ जना सांसदको समर्थनमा नयाँ सरकार बनेको छ। दुई दल मिल्ला यहाँ सहज बहुमत छ। सरकार बनाउन जम्मा ४४ प्रदेशसभा सदस्य आवश्यक पर्छ। अघिल्ला सरकार बनाउन प्रदेशमा सहभागी ८ राजनीतिक दलसम्मको समर्थन जुटाउनु पर्ने अवस्था थियो। ठूला राजनीतिक दलको बिचमा सहकार्य नहुँदा साना राजनीतिक दलको भूमिका र बार्गेनिङ् दुवै बलियो थियो। अहिले चेतनारायण आचार्य नेतृत्वको सरकारमा एमाले र कांग्रेसका पाँच-पाँच जना मन्त्री नियुक्त गर्ने सहमती छ। अहिलेसम्म एमालेबाट मुख्यमन्त्रीसहित पाँच र कांग्रेसका चार जना मन्त्री बनिसकेका छन्। अब कांग्रेसबाट एक जना मन्त्री थपिने र अन्य दुई वटा मन्त्रालयमा साना राजनीतिक दललाई ल्याउने तयारी गरिएको छ।

अघिल्लो पटकका सरकार बनाउँदा साना राजनीतिक दलसँग पटक-पटक छलफल चल्थ्यो। तर, अहिले त्यसरी छलफल हुँदैन। 'सरकारले केही दिनमा पूर्णता पाउँछ। प्रदेश प्रमुखले शपथग्रहण गरेपछि लुम्बिनी सरकारलाई पूर्णता दिन्छौं,'-मुख्यमन्त्री चेतनारायण आचार्यले भने -'दुई वटा मन्त्रालय साना राजनीतिक दललाई दिने कुरा छ। यस बारेमा हामी छलफलमा छौं।' साना राजनीतिक दलमध्ये कुन राजनीतिक दललाई सरकारमा सहभागी गराउने भन्ने बारेमा अझैं टुंगिएको छैन। तर, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टीलाई सरकारमा सहभागी गराउने सम्भावना बलियो छ।

'कांग्रेस र एमाले विचको सहमतीअनुसार कुन दललाई सहभागी गराउने भन्ने टुंगो लाग्ला। हामीसँग सहकार्य भएको खण्डमा सरकारमा सहभागी हुन सक्छौं,' लोसपा संसदीय दलका नेता सन्तोषकुमार पाण्डेले भने-'हामी छलफलमा छौं। सहकार्यको ढोका खुला गर्न तयार छौं।' यसअघिका सरकार बनाउन साना दलहरूले समर्थन गरेको आधारमा रोजेका मन्त्रालय पाउँथे। तर, अब दिएका मन्त्रालयमा चित्त बुझाउनुपर्ने देखिएको छ। नागरिक उन्मुक्ति पार्टी पनि प्रदेश सकारमा सहभागी हुनेगरी छलफल अघि बढेको संसदीय दलका नेता धर्मबहादुर चौधरीले बताए।

» बाँकी ३ पेजमा

## विपन्न परिवारलाई नगरपालिकाको घर उपहार



वालिङ (स्याङ्जा)। चापाकोट नगरपालिकाले नगर क्षेत्रका विपन्न छ परिवारलाई उपहारस्वरुप घर निर्माण गरिदिएको छ। चापाकोट-१० भूमरीघाटकी माया भट्टराई र सोही पालिका-४ घुर्लीचौरका केशबहादुर दमैको परिवारलगायत विपन्न परिवारलाई ती घर हस्तान्तरण गरिएको हो।

चापाकोट नगरपालिकाको विपन्न नागरिक आवास पुनःस्थापन कार्यक्रम र प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि विनियोजन भएको रकमबाट दुईकोठे घर निर्माणपश्चात् हस्तान्तरण गरिएको नगरप्रमुख देवबहादुर खाँणले बताए। "घर निर्माण गर्न आफ्नो नामको लालपुर्जा भएको जग्गा उपलब्ध गरायौँ", केशबहादुरले भने-"नगरपालिकाले आर्थिक सहयोग गरेर दुई कोठे घर बनाइदियो र अहिले त्यही नयाँ घरमा बस्न थालेका छौँ।"

गत आर्थिक वर्षदेखि सुरु भएको 'विपन्न परिवारसँग नगरप्रमुख' अभियानलाई निरन्तरता दिँदै घर निर्माण गर्ने तयारीमा रहेको छ। प्रतिघर रु दुई लाख ८० हजारका दरले रु १६ लाख ८० हजारको लागतमा छवटा घर निर्माण गरी हस्तान्तरण गरिएको नगरप्रमुख खाँणले बताए। नगरपालिकाका वडा नं. १ र ७ मा एक-एक घर तथा वडा नं. ४ र १० मा दुई-दुई घर निर्माणपश्चात् हस्तान्तरण गरिएको हो।

## माओवादी उप-महासचिव गजुरेलद्वारा राजीनामा

» समाचार पृष्ठ ४ मा

## बाढी पहिरोमा परी १ सय ४५ जनाको मृत्यु



बुटवल। अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो लगायतका विपद्मा परी बुधबार दिउँसोसम्म १ सय ४५ जनाको मृत्यु भएको छ। बाढी, पहिरोलगायतका विपद्मा परी काठमाडौँ उपत्यकामा २ जना, कोशी प्रदेशमा २४ जना, मधेस प्रदेशमा ६ जना, बागमती प्रदेशमा २९ जना, गण्डकी प्रदेशमा ४२ जना, लुम्बिनी प्रदेशमा २४ जना, कर्णाली प्रदेशमा ८ जना र सुदूरपश्चिम प्रदेशमा १० जना गरी जम्मा १ सय ४५ जनाको मृत्यु भएको हो।

साथै काठमाडौँ उपत्यकामा १० जना, कोशी प्रदेशमा ३७ जना, मधेस प्रदेशमा १० जना, बागमती प्रदेशमा ९ जना, गण्डकी प्रदेशमा ३४ जना, लुम्बिनी प्रदेशमा ९ जना, कर्णाली प्रदेशमा ५१ जना र सुदूरपश्चिम प्रदेशमा १४ जना गरी जम्मा १ सय ७४ जना घाइते भएका छन्। घाइतेहरूलाई उपचारको लागि स्थानीय अस्पताल लगिएको छ। साथै काठमाडौँ उपत्यकामा ३ जना, कोशी प्रदेशमा ४९ जना, गण्डकी प्रदेशमा १४ जना, कर्णाली प्रदेशमा २ जना र सुदूरपश्चिम प्रदेशमा ५ जना गरी जम्मा ७३ जनाको उद्धार गरिएको छ। बाढी पहिरोमा परी कोशी प्रदेशमा २ जना, बागमती प्रदेशमा ४२ जना, गण्डकी प्रदेशमा २ जना र कर्णाली प्रदेशमा १ जना गरी ४७ जना बेपत्ता भएका छन्। बेपत्ताको खोजी कार्य जारी छ।

बाढीको कारण जम्मा १ सय ८४ घर डुबानमा परेका छन्। २ सय ४८ वटा घर, ८८ वटा गोठ, ४३ वटा पूल, २ वटा विद्यालय र २ वटा सरकारी कार्यालयमा क्षति पुगेको छ। ६ सय ७२ वटा पशु चौपायाको मृत्यु भएको छ। उक्त अवधिमा विपद्का घटनाबाट ४ हजार ६३ घर परिवार विस्थापित भएका छन्।

साथै बाढी पहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घर परिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने काम समेत विभिन्न निकाय र स्थानीयवासीको समन्वय र सहयोगमा गर्नुका साथै विभिन्न स्थानमा भएको बाटो अवरोध हटाउने कार्य समेत प्रहरीले गरिरहेको छ।



# सम्पादकीय

## मन्त्रीको जिम्मेवारी तोक्न ढिलाइ किन ?

लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीहरुले सपथ लिएको साता बित्यो, तर मन्त्रालयको जिम्मेवारी तोकिएको छैन । मुख्य दुई दल एमाले र कांग्रेसको सहकार्य भएपछि बनेको अहिलेको सरकारलाई अरु साना दलको साथ आवश्यक छैन । लुम्बिनी प्रदेशसभाका ८७ सदस्यमध्ये दुई दलको ५८ सदस्य भएकाले सरकार बनाउन सहजै संभव भयो । सहजै सरकार गठन गर्न संभव भएकाले मन्त्रीहरुको जिम्मेवारी पनि छिट्टै तोकिने अपेक्षा थियो, तर साता बित्दा समेत मन्त्रालयको जिम्मेवारी बाँडफाँड भएको छैन ।

सरकार गठन भएपछि मन्त्रालय बाँडफाँडको टुंगो नलाग्नु दलभित्रको आन्तरिक व्यवस्थापनमा समस्या हो । मूलतः कांग्रेसभित्रको आन्तरिक व्यवस्थापनमा समस्या भएकोले ढिलाइ भएको नेताहरु बताउँछन् । एमालेको नेतृत्वमा सरकार गठन भएकाले अरु मन्त्रीको जिम्मेवारीमा कुनै समस्या छैन । एमालेमा मुख्यमन्त्री को हुने भन्ने समस्या थियो, मुख्यमन्त्री नियुक्त भएपछि टुंगिएको छ । संसदीय दलका नेता लिला गिरीको राजीनामा बारे निर्णय गर्ने जिम्मा पार्टी केन्द्रको भएकाले सरकारभित्रको समस्या देखिंदैन । कांग्रेसमा संस्थापन र संस्थापन इतर पक्ष भनेर विगतदेखिको विवाद अहिले झाँगिएको छ । संस्थापन पक्षले पेलेको बुझाइ इतर पक्षको छ । पार्टीको आन्तरिक जीवनको व्यवस्थापन चुस्त बनाउन नसक्नु नेपालका राजनैतिक दलहरुको कमजोरी छ, त्यसमा कांग्रेस अझैं अगाडि छ ।

यो सरकारप्रति धेरै अपेक्षा छन्, संघीय शासन प्रणालीअन्तर्गत प्रदेश सरकार कामकाजी भएन्, प्रदेशको खारेज हुनुपर्छ भन्ने आवाज चर्को गराउन खोजिएका बेला काम गरेर अब्बल सावित गर्ने बेला हो । पुँजीगत खर्च बढाउने, बजेट खर्चलाई प्रतिफल मुखी बनाएर नतिजा दिने र मितव्ययी भएर प्रदेशप्रति नागरिकको अपनत्वबोध गराउने अवसरलाई सदुपयोग गर्न चाँडो मन्त्रीहरुको जिम्मेवारी तोक्नुपर्छ । बजेट आइसकेकाले साउन महिना बजेट खर्चका लागि कार्ययोजना बनाउने समय हो । मन्त्रीहरु कामविहीन भएका छन् नै, मन्त्रालय चलाउने मन्त्री नभएपछि कर्मचारी पनि सुस्त भएका छन् । सरकारप्रतिको आशा र अपेक्षा पूरा गर्न मन्त्रीको जिम्मेवारी तोक्न ढिलाइ गर्न हुन्न । कांग्रेस र एमाले मिल्दा पनि सरकारले गति लिन नसके नागरिकमा अझैं निराशा बढ्ने जोखिम भएकाले नेताहरुले त्यसप्रति हेक्का राख्नुपर्छ ।

# दखिखनाबाट साँस्कृतिक आक्रमण



झपेन्द्र शवैयान बौद्धयान

*कुरो त्यसो होइन भनेर तर्क गऱ्यो भने लौ यो त क्रिश्चियन वा नास्तिक भएछ भनेर आरोप लगाइ हाल्छन् । हाम्रो बुद्ध धर्म, दर्शन, संस्कृतिलाई आफ्नो भन्ने, आफ्नो हो भनेर महिमा मण्डन गर्ने, वास्ता छैन, फुर्सत छैन । वैदिक सनातनी हिन्दू धर्मलाई आफ्नो भनेर उफ्रिने चलन छ। के हो अध्ययन छैन, बुझाई छैन, त्यसै स्वरै स्वरमा गोहोरो माऱ्यो, सकियो । कस्तो आनन्द । पराइबाट सञ्चालित हामी । दखिखनाले धर्मको नाममा पेल्दैछ, निल्दैछ, राजनीति गर्दैछ, देशकै अस्तित्व खतरामा छ । खै हाम्रा पण्डित बाजेहरुले बुझेको ?*

१. नेपाल प्राचीन देशको रूपमा मानिएको छ । प्राचीनकालमा यो देशलाई हिमवत खण्ड किन्नरदेश आदि मध्यकालमा सपार्दलक्षी सय लाख पर्वतयुक्त देश, खश देश (खश+जडान = खश देश आदि भनिथ्यो ।)

आधुनिक कालमा नेपाल भनेर नै विश्वमान चित्रमा अवस्थित छ । हालमा १२३ जातिले बोल्ने १२६ भाषा भए पनि सबैले बुझ्ने साझा सम्पर्क भाषा नेपाली नै हो । नेपाली भाषा सिंजा क्षेत्रको दुल्लु दैलेखमा उत्पत्ति भएको मौलिक भाषा हो भन्ने कुरा त्यस क्षेत्रमा रहेका स्वर्णपत्र, ताम्रपत्र र प्रस्तर लेख आदिले बताइरहेका छन् । यसरी नै मानसरोवर कैलाश हिमाली क्षेत्रमा उत्पत्ति भएको शैव संस्कृति (जो जातीय भेदभावविहीन र छुवाछुतविहीन) रहेको शिव पुराण, लिङ्ग पुराण जस्ता पौराणिक ग्रन्थहरुबाट थाहा लाग्छ ।

२. सन् ७७८ मा कट्टर हिन्दूवादी केरालाका आदि शंकराचार्य नेपालमा प्रवेश गरे । उनले यहाँको बौद्ध दर्शन, धर्म र संस्कृतिमाथि नाङ्गो आक्रमण गरी तिलौराकोट लुम्बिनी कपिलवस्तु क्षेत्रका ८४००० चौरासी हजार बौद्ध ग्रन्थलाई खरानी पारेको इतिहास छ । त्यति मात्र होइन प्राकृतिक शैव धर्म मान्ने पर्वत र हिमालतिर गएर हिन्दू धर्म संस्कृतिको व्यापक प्रचार गरे/गराए । तर उनको सन् ८२० मा देहान्त भयो । त्यस बखत त्रिशुलीदेखि पश्चिम सतलजसम्म जहाँ बौद्ध धर्म संस्कृतिको प्रभाव थियो । शंकराचार्य आए पनि यस क्षेत्रमा बौद्ध धर्म संस्कृतिमा शैथिल्य आउन पाएन ।

३. वि.सं. ११४०-५० तिर तिब्बतको खारी प्रदेशबाट राजधानी कर्णालीको सिंजामा कायम गरेका नाग राज स्वयं पनि बौद्धमार्गी र उनका उत्तराधिकारी राजाहरु पनि बौद्धिष्ट भएकाले कर्णाली क्षेत्रमा गुम्बा विहार कायमै रहे, बौद्ध संस्कृतिले पकड जमाएकै थियो ।

४.वि.स. १४६१ मा सिंजाको शक्तिशाली खश राज्य विधिवत् रुपमा विघटन भई राप्ती नदी पश्चिम २२ राज्य (बाइसे राज्य) र राप्ती पूर्व त्रिशुलीसम्म २४ राज्य (चौबिसे) राज्य कायम हुन गए ।

५. यसरी शक्तिशाली जुम्लाको खश साम्राराज्य विघटन भई स-साना राज्यहरु कायम भएको मौका पारी दखिखना कट्टर हिन्दूवादी पण्डाहरु नेपाल प्रवेश गरेर हिन्दूकरण गर्ने अभियान चालाए । यो हिन्दूकरण अभियानभित्र राजनीतिले काम गरेको थियो । आम जनतालाई हिन्दूकरण गर्न उनीहरुले प्रथमतः बोस (राजा) लाई हिन्दूकरण गर्ने रणनीति अवलम्बन गरे । जस अनुरूप प्यूठान ओखरकोटका खश राजा परश घर्ती (नेकपा मसालहरुका पूर्वज) लाई जनै लगाइदिएर क्षत्री बनाए । यसरी जनै लगाइदिने पुरोहित थिए- कण्ठु जैसी (स्रोत ओखरकोट विश्वकोष)।

यसरी नै गोरखाका मगर राजा द्रव्य राना मगरलाई गणेश पाँडे जस्ता पुरोहितले ब्रतबन्ध गराइ ठकुरी बनाइदिए ।

५. कस्तो मज्जा ! गुरु पुरोहितलाई जजमानहरुको संख्या बढ्दा आम्दानीको जोहो हुने ! यता माथिल्लो जातमा बढुवा भइस् भनेर गुरुपुरोहितले मंगलम् भगवान् विष्णु, मंगलम् गुरुढध्वजः। मंगलम् पुण्डरिकक्ष मंगलाय तनोहरिः। भनेर जौ, तिल, पानीले अभिषेक गरिदिँदा मगर गुरुङ नश्ल र खस नश्लका मान्छेहरु पनि त्यसै त्यसै मख्ख भए । त्यसपछि क्रमशः आफू पहिले प्राकृतिक शैव धर्मी पछि बौद्धधर्मी थियौं भन्ने कुरा पनि यहाँका मान्छेले भुल्दै गए । यसरी हाम्रो नेपाली समाजमा विभेदका रेखाहरु कोरिए । तर काठमाडौं उपत्यकामा त लिच्छविकालदेखि नै वर्णवस्था लागू भइसकेको थियो ।

६.अनि भन्न थाले- हामी सनातनी हिन्दू धर्मावलम्बी ! यस्तो भनाइलाई लुम्बिनीको अशोक स्तम्भहरु, सुर्खेतको काँक्रेविहारहरु भत्किदै सुन्न बाध्य भए । कर्णाली क्षेत्रका पचासौं गुम्बा विहार धराशही भए । गोरखाको ताघवाई गुम्बाको कथा पनि उस्तै छ दर्दनाक छ ।

७. त्यसपछि त दखिखना कट्टरपन्थी यस्तै पुराणहरुले हाम्रै हिमाली सिरानबाट बग्दै बग्दै पुच्छारतिर पुगेका भागीरथी यमुना, गयामा गई पितृ श्राद्ध नगरे पितृहरु वितरा पर्छन् । त्यसैले असल पुत्रले पितृ तारणँ कार्यका लागि नदीका शिर हिमालतिर होइन पुच्छारतिर गया, गंगा, यमुनातिर जाओस् भनेर शिलोक रचना गर्ने गरे । प्रचार गरे/गराए, अनि हामी नेपालीहरु ऋण धन गरेर उतै लाग्यौं ! होइन त ?

८. साउने सङ्क्रान्तिमा तिउरे, मकरकाँजी, कुम्कुम आदि थिचेर गवदा वा गाभाको पातमा बेरेर हाम्रा दिदीबहिनीहरुले लुँडो बाँध्ने गर्दथे । रातभरि राखेपछि भोलि बिहान सुन्दर रंग हातमा आएको हुन्थ्यो ।

तर अहिले त इण्डियन मेहेन्दी ! हजुर आमाले पनि मेहेन्दी लगाउन हुरुक्कै हुने ! के आयो चलन ? हन्त सम्धिनी !

९. पहिले पहिले भजनर्कितन हुन्थ्यो । अहिले त त्यतातिरभन्दा पनि इण्डियन हिन्दू एजेन्टहरु ओम शान्ति भन्दै बोलबम् भन्दै कृष्ण प्रणामी भन्दै यस्तै यस्तै अनेक दखिखना हिन्दू धर्म संस्कारलाई भित्र्याउन र हुल्न मेचीदेखि महाकालीसम्म फैलिएका छन् ।

१०. कुरो त्यसो होइन भनेर तर्क गऱ्यो भने लौ यो त क्रिश्चियन वा नास्तिक भएछ भनेर आरोप लगाइ हाल्छन् । हाम्रो बुद्ध धर्म, दर्शन, संस्कृतिलाई आफ्नो भन्ने, आफ्नो हो भनेर महिमा मण्डन गर्ने, वास्ता छैन, फुर्सत छैन । वैदिक सनातनी हिन्दू धर्मलाई आफ्नो भनेर उफ्रिने चलन छ । के हो अध्ययन छैन, बुझाई छैन, त्यसै स्वरै स्वरमा गोहोरो माऱ्यो, सकियो । कस्तो आनन्द । पराइबाट सञ्चालित हामी । दखिखनाले धर्मको नाममा पेल्दैछ, निल्दैछ, राजनीति गर्दैछ, देशकै अस्तित्व खतरामा छ । खै हाम्रा पण्डित बाजेहरुले बुझेको ?

११. पहिले वि.सं. १४६१ देखि दखिखनाले जनैको माध्यमबाट नेपाली समाजमा आक्रमण गरे, उनीहरुले जनैधारी गुट बनाए, जनै संस्कृति पुरानियो कि भनेर फेरि राखी संस्कृति लिएर आएका छन् । राखी पनि जनै संस्कृतिको नयाँ संस्करण हो । यो सावधान ! धर्म र धार्मिक यात्राको नाउमा इण्डियाका ठाउँ-ठाउँमा नगई नहुने मन्द विष खुवाएर हामी नेपालीलाई लठ्ठ पार्ने खुबी छ, दखिखना पण्डा पुरोहितमा । तर हामी भने मख्ख छौं । सनातनी हिन्दू धर्म रे ।

१२. इतिहास पढ्दा यहाँ लाग्छ वि.सं. १४६१ सम्म त्रिशुली पश्चिमका हामी मान्छे हिन्दू थिएनौं । फारसी भाषामा सिन्धु भनेको चोर डाँका, फटाहा, लुच्चा, गुण्डा हुँदोरहेछ ।

हिन्दू धर्म नेपाली धर्म होइन । शिव पनि हिन्दू होइनन् । शिव भनेका शिव हुन् । शिव भनेका महादेव हुन् । कैलाशपति हुन् । तर यो इतिहास होइन काल्पनिक कुरा हो । काल्पनिक भए पनि यसको सन्देश जातीय भेदभाव विरोधी र जातीय समनताको पृष्ठपोषक रहेको छ । शैव संस्कति पनि हिन्दू संस्कृति होइन । शैव संस्कृति नेपाली संस्कृति हो । ब्राह्मण, क्षत्री, वैश्य, शुद्र जस्ता वर्णवादी विभेदकारी तत्व मिश्रित निरञ्जन शैव संस्कृतिभित्र कसरी अट्न सक्छ ।

१३.हामी नेपाली त कैलाश मानसरोवर हिमालबाट उत्पत्ति भएको प्राकृतिक शैव संस्कृतिबाट अनुप्रमाणित हुँदै आएका हौं । शैव संस्कृतिलाई आक्रमण गरी हिन्दूकरण गरिएपछि वा शैव संस्कृतिमा ऐजेरु लागेपछि, नेपालको लुम्बिनी तिलौराकोट कपिलवस्तुमा इ.पु.५६३ जन्मेका सिद्धार्थ गौतमले तिलौराकोट कपिलवस्तुमा विपश्यना ध्यान योगबाट बुद्धत्व प्राप्त गरेको ताजा इतिहास हामीसँग छ । हामी त बौद्धमार्गी हौं । हाम्रो धर्म, दर्शन, बुद्ध धर्म दर्शन हो । विश्वले मानिरहेको छ ।

१४. दखिखना जोगी जलन्तरी पण्डा पुरोहितले विभिन्न रंगढंगका हुलिका धर्म नेपाल र नेपालीलाई जरुरी छैन । सातौं शताब्दीदेखि केरालाका आदि शंकराचार्य नामक जोगीदेखि हुन थालेको धार्मिक सांस्कृतिक आक्रमण अझैंसम्म रोकिएको छैन । झन्भन्दा झन् नयाँ रुप र रंगढंगले अघि बढेको छ। नेपालमाथि खतराको घण्टी बज्दैछ।

१५. भारतका वर्तमान प्रधानमन्त्री नरेन्द्रदास मोदीले हालै शपथ गर्नुभन्दा एक दिन पहिले उनकै प्रेस सल्लाहकारसँग नेपालका चर्चित पत्रकार ऋषि धमलासँगको अन्तर्वार्तामा ती पत्रकारले भने- नेपाललाई रणनीतिक रुपमा हिन्दूकरण गर्ने हाम्रो नीति नै हो ।

यसबाट के बुझिन्छ भने हिन्दूकरणले लठ्ठ भइसकेका नेपालीलाई उचाल्ने राजनीतिक रुपमा देशका अस्तित्वमाथि आक्रमण गर्नु दखिखनाको रणनीति रहेको छ भने देशभित्र रहेका हाम्रा पण्डित पुरोहित बाजेहरु देशको धर्म हिन्दू बनाउनु पर्छ भनेर यहाँ बुरकुर्सी मारेर नारा लाउँदैछन् ।

# नेप्से ६४ दशमलव २५ अङ्कले बढेसँगै २२ अर्बको कारोबार



काठमाडौँ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा उल्लेख्य वृद्धिसँगै उच्च रकमको कारोबार देखिएको छ । बुधबार नेप्से परिसूचक ६४ दशमलव २५ अङ्कले बढेर दुई हजार सात सय ६० दशमलव ९१ विन्दुमा कायम भएको छ ।

नेप्से परिसूचकको वृद्धिसँगै शेयरबजारमा रु २१ अर्ब ९१ करोड १५ लाख तीन हजार एक सय ६१ बराबरको कारोबार भएको छ । कारोबार रकम अहिलेसम्मकै धेरै हो । यस अघि विसं २०७८ साउन ३१ गते रु २१ अर्ब ६४ करोड बराबरको कारोबार भएको थियो । त्यसयता कारोबार रकमले उक्त 'रेकर्ड' तोड्न सकेको थिएन । बुधबार उक्त 'रेकर्ड' तोड्दै कारोबार रकमले नयाँ 'रेकर्ड' कायम गरेको हो ।

तीन सय ३२ कम्पनीको पाँच करोड नौ लाख कित्ता शेयर दुई लाख ३८ हजार दुई सय ७२ पटक खरिदबिक्री हुँदा कारोबार रकम रु २१ अर्ब ९१ करोड १५ लाख तीन हजार पुगेको हो । कारोबारमा आएका कम्पनीमध्ये एक ९१ वटा कम्पनीको शेयर मूल्य बढ्दा आठ वटा कम्पनीको मूल्यमा १० प्रतिशतको वृद्धिसहित सकारात्मक सर्किट लागेको छ । बढ्नेमा अधिकांश वित्त र लगानी समूहका कम्पनीहरु छन् । कारोबारबाट सबै समूहको उपसूचक बढेको छ ।

कारोबारमा ४४ कम्पनीको शेयर मूल्य सामान्य घटेको छ । कारोबार रकमका आधारमा हिमालयन र- इन्स्योरेन्स कम्पनी सबैभन्दा अगाडि छ । यो कम्पनीको रु ८४ करोडको शेयर कारोबार हुँदा माउन्टेन इनर्जीको ४१ करोड रुपैयाँको शेयर कारोबार भएको हो ।

# शरीरमा पानी कम हुँदा के हुन्छ ?



शरीरमा पानीको मात्रा शरीरबाट निस्किएको पानीको मात्राभन्दा कम हुन्छ भने त्यस्तो अवस्थामा डिहाइड्रेसन हुन्छ । हाम्रो शरीरबाट कुनै न कुनै तरिकाबाट पानी बाहिर निस्कन्छ । पिसाब या पसिनाको माध्यमबाट शरीर पानी शरीरबाट बाहिर निस्कन्छ ।

**१. थकान**

पानीले शरीरलाई उर्जा दिन्छ । डिहाइड्रेसनका कारण इन्जाइममा असर पर्छ, जसबाट शरीको सबै प्रक्रियामा असर पर्छ । पानी कम हुने कारण थकान र सुस्तता महसुस हुन्छ । शरीरमा उर्जा नहुँदा मानिस शारीरिक रुपमा सक्रिय हुन सक्दैनन् ।

**२. दम**

जब शरीरमा पानीको कमी हुन्छ, त्यसपछि श्वासप्रश्वास प्रणालीमा समस्या पैदा हुन्छ । जसका कारण श्वास लिन समस्या हुन्छ । यदि अचानक दम हुन्छ भने बिरामीलाई बढीभन्दा बढी पानी पिउन दिनुपर्छ । पानीका साथ जूस, नरिवल पानी, लस्सी आदि भरपूर पिउन दिनुपर्छ । यसबाट तीव्र गतिमा श्वास लिने समस्या कम हुन्छ ।

**३. रक्तचाप**

गर्मीमा अक्सर पसिना बढी बग्दा शरीरको र गतमा मौजूद पानीको मात्रामा कमी आउन सक्छ । यस्तो अवस्थामा धेरैपानी खाने सल्लाह दिइन्छ । उच्च रक्तचापका बिरामीले छिन छिनमा पानी पिउनुपर्छ । शरीरबाट पानी निस्क्यो भने रक्तचाप कम हुन सक्छ ।

**४. उच्च कोलेस्टेरोल**

उच्च कोलेस्टेरोल एक समस्या हो, जो मुटुका लागि घातक हुन सक्छ । जब आवश्यकताको हिसाबले पानी पिइदैंन, शरीरले बढी मात्रामा कोलेस्टेरोल निर्माण गर्छ । यदि शरीरलाई पर्याप्त पानी मिल्ने हो भने कोलेस्टेरोलको समस्या पैदा हुँदैन ।

**५. छालासम्बन्धी समस्या**

पानीमार्फत छालाको राम्रो हेरचाह हुन्छ । छालाले शरीरका लागि सुरक्षाकवचको काम गर्छ । यसले पानीको स्तर पनि नियन्त्रित गर्छ । पानी भरपूर पिउनाले छाला नरम पनि बन्छ । पानीको कमी हुँदा छाला रुखो र निस्तेज हुन्छ । डिहाइड्रेसन हुँदा छालामा डर्मटाइटिस, सराइअसिसजस्ता विभिन्न समस्या निम्तने डर हुन्छ ।

**६. पाचनसम्बन्धी समस्या**

शरीरले पर्याप्त पानी नपाउँदा क्याल्सियम र म्याग्नेसियमको कमी हुन्छ, जसबट शरीरमा पाचनसम्बन्धी कयौं समस्या निम्तन सक्छा जस्तै, अल्सर, ग्यास आदि । खाना पचाउन पनि पानी आवश्यक हुन्छ ।

**७. तौल बढ्ने**

खानाबाट प्राप्त क्यालोरीलाई जलाउन पानीको महत्वपूर्ण भूमिका हुन्छ । पानीको मात्रामा कमी आउनाले क्यालोरी जलाउन पर्याप्त पानी नपाउने हो भने बोसो कम नष्ट हुन्छ र तौल बढ्ने समस्या हुन्छ ।

**८. मानसिक स्वास्थ्यमा असर**

डिहाइड्रेसन मानिसको दिमागको कार्यकुशलतालाई प्रभावित गर्न सक्छ । लण्डनमा मनोचिकित्सा संस्थानका अनुसन्धानकर्ताहरुले के पाए भने शरीरमा जब पानीको कमी हुन्छ, त्यसले उसको दिमागी गतिविधिमा निकै असर पार्छ ।

**९. मधुमेह**

मधुमेह पीडित हुँदा बढेको ब्लड सुगरको स्तर पिसाबको रुपमा बहिर निस्कन्छ । योभन्दा बढी भयो भने कमजोरी महसूस हुन्छ र शरीरमा पानीको कमी हुन्छ ।

**१०. जोर्नीमा प्रभाव**

पानीले हाम्रो जोर्नी र मांसपेशीलाई नरम बनाउँछ । यसको कमी हुनाले जोर्नी वा मांसपेशीमा पीडा हुन सक्छ । शरीरमा पानीको कमीका कारण रगतको मात्रामा पनि कमी आउन सक्छ । रगतमा आउने यो कमीका कारण जोर्नीको समस्या पनि आउन सक्छ ।

**११. मिर्गौलाको समस्या**

शरीरमा निरन्तर चलिरहने अनेक खालका रासायनिक क्रियाका कारण केही विषालु तत्वको निर्माण हुन्छ । यी विषात्त पर्दा शरीरबाट बाहिर निकाल्न जरुरत हुन्छ । पानी कमहुँदा यस्ता विषालु तत्व शरीरमा बनिरहन्छन् र कयौं प्रकारका रोग लाग्न सक्छन् । एजेन्सीबाट

# प्यूठानका किसानलाई चैतेधान भित्र्याउने चटारो



स्वर्गद्वारी (प्युठान) । यहाँको माण्डवी गाउँपालिका-५ छापका ठाकुर घर्तीमगरलाई चैतेधान भित्र्याउने चटारो छ। चार रोपनीमा लगाएको धान भित्र्याउन उनलाई भ्याइनभ्याइ छ । "तीन बाली लगाउँदा अन्न वर्ष दिन पुग्ने र केही बीउ बिक्री हुने हुँदा एउटै खेतबाट आम्दानीको स्रोत थपिएको छ ।"-किसान घर्तीमगरले भने । परम्परागत धानको बीउलाई त्यागेर उन्नत जातको धान रोप्दा उत्पादन वृद्धि हुनुका साथै बीउको बिक्रीबाट आम्दानीमा बढेपछि चैतेधान लगाउन थालेको उनले बताए ।

घर्तीमगरजस्तै माण्डवी गाउँपालिका-५ का ९४ किसानले छ सय ५० रोपनीभन्दा बढीमा यस वर्ष चैतेधान लगाएका छन् । कतिपय किसानले भित्र्याइसकेका छन् भने कोही भित्र्याउने तयारीमा छन् । धान भित्र्याएका खेतमा बर्खेधान रोप्न बीउ तयार भइसकेको छ । जिल्लामा प्यूठान नगरपालिकाको झिमरुक फाँट, ऐरावती गाउँपालिकाको गोठिवाङ, सरङ्बैंसी, डाबरा फाँट, माण्डवी गाउँपालिकाको रुद्रपुर फाँट, मल्लरानी गाउँपालिका छापेखोलाका फाँट र स्वर्गद्वारी नगरपालिका केही स्थानमा चैतेधान हुँदै आएको छ ।

धानको उत्पादन र उत्पादकत्व बढाउन काम गर्दै आएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ प्युठानले चैते धानखेतीको प्रवर्द्धन गर्दै आएको छ । जसले गर्दा यसअघि चैतेधान लगाएका किसानले निरन्तर धानखेती गर्दै आएका छन् ।

चैतेधान रोप्ने किसानलाई बीउमा ५० प्रतिशत अनुदान, कुलो निर्माणमा ८५ प्रतिशत, मलमा ५० प्रतिशत र विषादी र प्राविधिक सहयोगमा निःशुल्क प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले उपलब्ध गराएको छ । किसानलाई जमिन बाँझो नराख्न प्रोत्साहन गरी उत्पादनमा जोड दिइएको परियोजना प्रमुख चुमान गिरीले बताए ।

गत वर्ष एक हजार तीन सय ५० रोपनीमा चैतेधान लगाइएको थियोभने यो वर्ष दुई हजार छ सय रोपनीमा खेती भएको छ । परियोजना प्रमुख गिरीका अनुसार जिल्लामा परम्परागत रूपमा धेरै फाँटमा चैतेधान रोपिए पनि पछिल्लो समय यो चार सय रोपनीमा सीमित थियो ।

प्यूठानको २२ हजार हेक्टर खेतीयोग्य भूमिमध्ये छ हजार पाँच सय ७५ हेक्टरमा धानखेती हुँदै आएको एकीकृत कृषि तथा पशुपक्षी विकास कार्यालयका प्रमुख उमेश श्रेष्ठले जानकारी दिए । गत वर्ष जिल्लामा २१ हजार नौ सय ६७ मेट्रिक टन धान उत्पादन भएको थियो ।

# बागलुङमा आलुखेती विस्तार : गत वर्ष अर्ब बढीको उत्पादन

ढोरपाटन । पछिल्लो समय बागलुङका किसान आलुखेतीतर्फ आकर्षित हुँदै गएका छन् । खासगरी जिल्लाको माथिल्लो क्षेत्रका किसानले व्यावसायिक आलुखेती गर्न थालेका हुन् । पहाडी हावापानीमा आलुखेतीका लागि उपयुक्त हुने हुँदा नयाँ प्रविधि अवलम्बन गरी आलुखेती गर्न थालेको कृषि ज्ञान केन्द्र बागलुङले जनाएको छ । वर्षौंदेखि परम्परागत रूपमा आलुखेती गर्दै आएका किसानले अहिले नयाँ प्रविधिको प्रयोगबाट उत्पादन गर्न थालेका छन् । ज्ञान केन्द्रले किसानलाई आयआर्जनसँग जोड्न आलुखेतीतर्फ आकिर्षत गर्न थालेको हो ।

आर्थिक वर्ष २०८०/८१ मा मात्रै एक सय ३६ हेक्टर नयाँ क्षेत्रमा आलुखेती विस्तार गरेको छ । ज्ञान केन्द्रले एक सय ५० हेक्टर क्षेत्र विस्तार गर्ने लक्ष्य लिएको थियो । बर्खे र हिउँदे गरी दुई याममा आलु उत्पादन हुने जिल्लामा बर्सेनि करोडौँ भित्रिने गरेको छ । ज्ञान केन्द्रले नयाँ क्षेत्र विस्तारका लागि रु दुई करोड ६० लाख लगानी गरेको छ । गण्डकी प्रदेश सरकारले खायन आलुखेतीका लागि रु तीन करोड ६० लाख विनियोजन गरेको थियो । कृषि ज्ञान केन्द्रले ६८ कृषि समूह तथा कृषि सहकारीमार्फत एक सय ५० हेक्टर नयाँ क्षेत्रमा आलुखेती विस्तार गरेको हो ।

जिल्लाको निसीखोला, ढोरपाटन, तमानखाला, ताराखोला, काठेखोलालगायत क्षेत्रमा बढी आलु उत्पादन हुने गरेकामा पछिल्लो समय तल्लो क्षेत्रका किसानले पनि आलुखेतीतर्फ चासो दिन थालेका छन् । आलुखेतीतर्फ किसानको आकर्षण बढेसँगै उत्पादन पनि

बढेको हो । अघिल्लो वर्ष रु एक अर्ब ३४ करोड बराबरको आलु उत्पादन भएको कृषि ज्ञान केन्द्र बाग्लुङका प्रमुख राजेश्वर सिलवालले जानकारी दिए । उनका अनुसार अघिल्लो वर्ष तीन हजार छ सय ५५ हेक्टर क्षेत्रमा आलुखेती भएकामा यस वर्ष बढेर तीन हजार सात सय ८० हेक्टर पुगेको छ ।

जिल्लामा प्रतिहेक्टर १६ दशमलव पाँच टन आलु उत्पादन हुने उनले बताए । गत वर्ष ५९ हजार छ सय ५० टन उत्पादन भएको थियो । उनका अनुसार हिउँदे आलु प्रतिकिलो रु ४० र बर्खे आलु प्रतिकिलो रु ५० मा बिक्री हुने गरेको छ । यस वर्ष बर्खे आलु खन्ने याममा सुरु हुन थालेको प्रमुख सिलवालले जनाए । आलु फाइदाजनक बाली भएको हुँदा यसबाट किसानले राम्रो आम्दानी गर्न सक्ने भएपछि धेरैको आकर्षण बढेको उनी बताउँछन् ।

"आलुबाट राम्रो आम्दानी हुन्छ, पहिले परम्परागत रूपमा आलुखेती गर्दै आएका किसान अहिले प्रविधिसँग जोडिन थाल्नुभएको छ, उन्नत जातका आलु लगाउन थाल्नुभएको छ, आलुको बजार समस्या छैन, बागलुङमा उत्पादन हुने आलु, पोखरा, बुटवललगायत ठाउँमा पुग्ने गरेका छन्" प्रमुख सिलवालले भने-"यहाँको भूगोल बर्खे आलु उत्पादन हुने ठाउँ हो, हिउँदे आलु पनि राम्रो उत्पादन हुने गरेको छ, यस वर्ष पनि उत्पादन बढ्ने देखिन्छ ।"

काठेखोला गाउँपालिका-३ का किसान ज्ञानबहादुरर छन्त्यालले वर्षौंदेखि परम्परागत आलुखेती गर्दै आएकामा अहिले नयाँ तरिकाबाट खेती गर्न थालेको बताए । कृषि ज्ञान केन्द्र बागलुङले आलुखेतीका लागि उन्नत जातको बीउसमेत अनुदानमा दिएको जनाउँदै गाउँमा आलुखेती राम्रो भएको उनले जनाए । अघिल्ला वर्षहरूमा भन्दा यस वर्ष धेरै किसान आलुखेती गर्नतर्फ लागेका छन् । रासस

**ठूला...**

'संघमा पनि छलफल चलिरहेको छ । प्रदेशमा पनि हामी छलफलमै छौं । सरकारमा जान सकिन्छ,' संसदीय दलका नेता चौधरीले भने-'यसपाली म मन्त्री भएर जाँदैन । अरू माननीयलाई अवसर दिन्छौं ।'

दुई ठूला राजनीतिक दलको बिचमा सहकार्य भएर बनेको सरकारले राजनीतिक स्थिरता दिन सक्नुपर्ने नागरिक समाज दाङका संयोजक निमबहादुर थापाले बताए । 'ठूला दलहरू मिल्दा स्थायी रूपमा सरकार बन्छ, चल्छ, टिक्छ भन्ने आशा जनतामा जागाउन सक्नुपर्छ ।

जनताको घर दैलोमा सरकार पुग्नुपर्छ । निर्माणको कामले गति लिनुपर्छ,' थापाले भने-'जनतालाई रोजगारी दिने, प्रदेशलाई आत्मनिर्भर बनाउने, उत्पादन बढाउने कुरामा सरकारले ध्यान दिनैपर्छ ।'

लुम्बिनी प्रदेशमा एमालेका २९, कांग्रेसका २७, माओवादीका ११, राप्रपाका ४, नागरिक उन्मुक्ति पार्टीका ४, जनमत पार्टीका ३, लोकतान्त्रिक समाजवादी पार्टीका ३, जनता समाजवादी पार्टीका २, राष्ट्रिय जनमोर्चाका १, जनता समाजवादी पार्टी नेपालका १, नेकपा एकिकृत समाजवादी


श्री जनउदय सामुदायिक वन उपभोक्ता समूहको यस दैनिक लुम्बिनी पत्रिकामा मिति २०८१ साउन ७ गतेको अंकमा प्रकाशित काठ दाउराको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना रद्द गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**श्री जनउदय सामुदायिक वन उपभोक्ता समूह**
**सुनवल-३, कीर्तिपुर-१, नवलपरासी(ब.सु.प.)**


## भूल सुधार

मिति २०८१ साउन १० गते यस लुम्बिनी दैनिक पत्रिकामा प्रकाशित चिसापानी अस्पतालको चमेना गृह संचालन सम्बन्धी सूचनामा प्रथम पटक प्रकाशित मिति २०८१ साउन १० हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

विज्ञापन शाखा


## अनलाइन पत्रिका हस्तान्तरण सम्बन्धि सुचना

प्रथम पटक प्रकाशित २०८१/०४/१७

सूचना तथा प्रसारण विभागमा दर्ता नं. ३४५३-२०७८/७९ मिति २०७९/०३/०८ मा दर्ता रहेको क्रिएटिभ क्रिएशन एण्ड मिडिया प्रा. लि. द्धारा सञ्चालित www.balaawaz.com नामक अनलाइन पत्रिका यस कम्पनीबाट हस्तान्तरण हुने हुँदा यस कम्पनीसँग सम्बन्धित कुनै श्रमजीवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति २०८१/०४/३१ भित्र यस कम्पनीको ठेगाना नागार्जुन १ काठमाडौं, सञ्चालकको मोवाइल नम्बर ९८६६०५०२६६ वा ईमेल designwithcreative@gmail.comमा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने व्यहोरा अनुरोध छ ।

## बिमा लेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको विमा लेख मिति २०८१।०३।२२ गते रामग्रामदेखि परासी आउने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

**नामः** शान्ति कुमारी यादव
**ठेगानाः** रामग्राम- १६, नवलपरासी
**बिमालेख न. :** २५११०७२०५
**मोबाइल न. :** ९८११५५५२१७

## काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

श्री जनउदय सामुदायिक वन उपभोक्ता समूह, सुनवल ३ न.प.को वनबाट आ.व.०८०/०८१ मा उत्पादित समूहको घाटगद्दीमा विभिन्न लट कायम भएको साल र अन्य जात समेत गरि गोलिया थान ६१६ को ३७१०.६६ क्यूफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गुर्नपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म, कम्पनी वा उद्योगले यो सुचना दोश्रो पटक प्रकाशित मितिले २१ दिनभित्र खरिद गरी २२ औं दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री जनउदय सामुदायिक वन उपभोक्ता समूह**
**सुनवल- ३, कीर्तिपुर,१ नवलपरासी (ब.सु.प)**

## शिक्षक आवश्यकता सम्बन्धमा ।

मितिः २०८१/०४/१७

प्रस्तुत विषयमा बर्दघाट नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको च.न. २३ ( शिक्षा) पत्र संख्या ०८१ / ०८२ मिति २०८१ / ०४ / १५ गतेको अनुमति पत्र तथा यस सिद्धज्योति आधारभूत विद्यालयको वि.व्य.स.को मिति २०८१/ ०४ / १६ को निर्णय अनुसार यस विद्यालयमा आधारभूत तह (६-८) संघीय शिक्षण सिकाइ सहयोग अनुदान (करार) कोटामा गणित विषय शिक्षकको आवश्यकता भएकोले तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**विज्ञापन नं.** ०१/२०८१/०८२ **पद** - शिक्षक **तह** - आधारभूत तह (६-८)
**विषयः** गणित **नियुक्तिको प्रकार** - संघीय शिक्षण सिकाइ सहयोग अनुदान (करार)
**आवश्यक संख्या** - १
**न्यूनतम योग्यता**– मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा १०+२ उत्तिर्ण वा सो सरह
**उमेरः** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको **परीक्षाको किसिम** - लिखित तथा अन्तर्वार्ता
**आवेदन दस्तुर** - रु १०००।- (एक हजार मात्र ) **तलब स्केल** - नेपाल सरकारको निर्णय अनुसार
**आवश्यक कागजात** – हस्तलिखित निवेदन
नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि - १ प्रति
**शैक्षिक प्रमाण पत्रहरुको प्रतिलिपि – १ प्रति**
**अध्यापन अनुमति पत्रको प्रतिलिपि – १ प्रति**
**आवेदन दिने अन्तिम मिति** – २०८१/०४ / ३१ गते सम्म ( विज्ञापन प्रकाशन भएको मितिले १५ दिनभित्र/कार्यालय समयमा )
**सम्पर्क मिति** - २०८१/०४/३२ **परीक्षा मिति** – सम्पर्क मितिमा जानकारी गराइने छ।
**पुनश्च : शिक्षक सेवा आयोगबाट २०८० मा करार सूचीमा परेका व्यक्ति आएमा पहिलो प्राथमिकता दिइने छ।**

# सिद्ध ज्योति आधारभूत विद्यालय

**बर्दघाट – १६, सिद्धनगर, नवलपरासी**
**सम्पर्क नं.९८४७०६५५५९, ९८५७०८२८८९, ९८२६४७३२२६**

**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Road Division Butwal, Rupandehi**
**Butwal, Rupandehi**

## Amendment of Invitation for Bids

**Notice No.- DROBTL/07/080/81**
First Date of Publication: 2081-03-31 (15th July, 2024)
**First date of Amendment Publication: 2081/04/17 (1st August, 2024)**

This is to notify all the concerned bidders that the bidding document for the contract of notice no. DROBTL/07/080/81,Contract No. DROBTL/333701130/080/81-35; published on BS 2081-03-31on Tillottama Daily Newspaper have been amended as below:

| S . No. | Item Description | Before Amendment | After Amendment |
|---|---|---|---|
| 1 | Bid Validity Period mentioned in notice | 150 days | 120 days |
| 2 | Some of the BoQ Itemsand EQC as mentioned in amended Bidding document and BoQ. For further details of the amendment for bids, interested bidders are requested to visit the PPMO's Web Address: http://bolpatra.gov.np/egp. | | |

Division Chief

## नवजीवन माध्यमिक विद्यालय

बर्दघाट न.पा.-४, बाढीपीडित, नवलपरासी (ब.सु.प.)

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

उपर्युक्त सम्बन्धमा यस नवजीवन मा.वि वर्दघाट-४, बाढी पीडित न.प.मा मा.वि संघिय सिकाइ अनुदान कोटा मा.वि. विज्ञान विषयको शिक्षक पद पूर्ति गर्न बर्दघाट नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाको मिति २०८१/०४/१५ च .नं. २२ को पत्र अनुसार पदपूर्तिका लागि अनुमति प्राप्त भएकोले आजका मितिले १५ दिन-भित्र तपशिल बमोजिमका योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल**

१. विज्ञापन नं. १/२०८१/०८२
२. **पद संख्या** :१
३ **तह** : मा.वि. (संघिय शिक्षण सिकाइ अनुदान)
४. **विषय** : विज्ञान
५. **योग्यता** : BSC वा सो सरह (विज्ञान मूल विषय लिएको)
६. **नागरिकता** : नेपाली
७. **उमेर** : १८ बर्ष पूरा भई ४० ननाघेको
८. **दरखास्त दस्तुर** : १५००।-
९. **दरखास्त दिने अन्तिम मिति** : २०८१/०४/२९ गते कार्यालय समय भित्र
१०. **परीक्षा मिति** : २०८१/०४/२९ गते तोकिने छ।
११. **परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यक परेमा प्रयोगात्मक समेत
१२. **तलब भत्ता** : नेपाल सरकारको नियमानुसार
१३. **आवश्यक कागजातहरु** :क. नेपाली नगारिकताको प्रतिलिपि १ थान
ख. शैक्षिक प्रमाण पत्रको प्रतिलिपि १ /१ थान
ग. स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान
घ. निवेदन १

*नोटः शिक्षक सेवा आयोगबाट प्रकाशित पछिल्लो करार सूचीमा सूचिकृत उम्मेदवारको हकमा योग्यता कमको आधार नियुक्ति दिइनेछ ।*

- परीक्षाको दिन उम्मेदवारले आफ्नो सक्कल प्रमाण ल्याउनु पर्ने
- रित्त नपुगेको आवेदन स्वत रद्द हुनेछ।
- दरखास्त दस्तुर यस विद्यालयको प्रभु बैंक बर्दघाट शाखा खाता नं. ०४७०११६८६१६०००१३ मा जम्मा गर्नुपर्ने
- दरखास्त विद्यालय इमेलः njss2038@gamil.com बाट पनि दिन सकिने ।

**सम्पर्क नं : ९८५७०८०५८५ , ९८४७०८०००६**

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सम्पर्कः

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# पश्चिम नवलपरासीमा ७१ जना नयाँ डेंगु रोगी



**गौरीशंकर जयसवाल**

*परासी*

रामग्राम नगरपालिकाले डेंगु रोगसम्बन्धी अभियान सञ्चालन गर्न लागेको छ। नगरपालिकाले डेंगु रोग नियन्त्रण गर्नको लागि समुदायस्तरमा डेंगु रोगसम्बन्धी अभियान सञ्चालन गर्न लागेको हो। नगरपालिकाले साउन १७ गतेदेखि समुदायस्तरमा डेंगु रोग नियन्त्रण गर्नको लागि अभियान रूपमा सञ्चालन गर्न लागिएको रामग्राम नगरपालिका स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक सुरज हरिजनले जानकारी दिए।

उनले 'लामखुट्टे खोजौं लार्भा नष्ट गरौं' नाराका साथ वडा-वडामा यो अभियान सञ्चालन गर्न लागिएको जनाए। बुधबार इन्द्रणी सामाजिक विकास मञ्च एवम् फेयर मेडको सहकार्यमा रामग्राम नगरपालिकाको आयोजनामा आयोजित पालिकस्तरीय डेंगु रोगसम्बन्धी अभिमुखीकारण, अन्तरक्रिया तथा छलफल कार्यक्रममा उक्त जानकारी गराइएको हो।

अभियानअन्तर्गत नगरको १८ वटै वडाहरूमा डेंगु रोगसम्बन्धी सचेतनामूलक बाइकिड, पम्पलेट वितरण, गरिने रामग्रनम नगरपालिकाकी उप-प्रमुख सम्झना चौधरीले बताइन। उनको अनुसार १०,१४,१५,१६,१७,र १८ वडामा ५० लिटर डिजल वितरण गरी छर्ने काम, १,२,३,४,५,६,७,८ र ९ वडाहरूमा ४० लिटर दर डिजल छर्किने कार्य गरिने भएको हो।

उक्त कार्यमा पानी जमेको ठाउँमा सरसफाइ समेत गर्ने र समुदायस्तरमा जनचेतना तथा डेंगुसम्बन्धी अभिमुखीकारण समेत गरिने छ। ग्रामीण क्षेत्रभन्दा पनि शहरी क्षेत्रमा बढी मात्रमा डेंगु रोग देखिने गरेको छ। जिल्लामा गत वर्ष २०७९/०८० तीन सय १५ जना डेंगु रोगी बिरामी फेला परेको स्वास्थ्य कार्यालय नवलपरासीका वरिष्ठ मलेरिया इस्पेटर देवीलाल पौडेलले जानकारी दिए।

उनले २०८१/०८२ साउनसम्म ७१ जना डेंगु रोगी बिरामी फेला परेको बताए। जसमा सबैभन्दा बर्दघाट नगरपालिकामा ४७ जना, रामग्राम नगरपालिकामा २१ जना पाल्हीनन्दन गाउँपालिकामा ३ जना तथा अन्य चार पालिकामा डेंगु रोगका बिरामी फेला नपरेको तथ्याङ्क सार्वजनिक वरिष्ठ मलेरिया इस्पेटर पौडेलले गरेका थिए।

कार्यक्रममा रामग्राम नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत यामबहादुर कुँवर, स्वास्थ्य कार्यालयका निमित्त प्रमुख ओमप्रकाश पन्थी, वडा नं. १ का वडाध्यक्ष रूद्रप्रकाश उपाध्यय, कार्यपालिका सदस्य मानुमाया खड्का क्षेत्री, नेपाल पत्रकार महासंघका अध्यक्ष हरि शर्मा, इन्द्रणी सामाजिक विकास मञ्चका कार्यकारी निर्देशक पुष्पराज आचार्य, सुक्रौली स्वास्थ्य चौकीका प्रमुख बलराम सापकोटालगायतले धारण राखेका थिए।

# आम्दालाई मेडिकल कलेज बनाउन छलफल

बुटवल। बुटवलमा रहेको सिद्धार्थ बाल तथा महिला अस्पताल आम्दालाई मेडिकल कलेज बनाउने विषयमा बुधबार छलफल भएको छ।

इन्डोनेशियाको बालीमा हुने आम्दा इन्टरनेशनलको अन्तर्राष्ट्रियसभामा आम्दालाई मेडिकल कलेज बनाउन प्रस्ताव लैजाने विषयमा छलफल भएको हो।

आम्दा बुटवलको स्थानीय व्यवस्थापन समितिका अध्यक्ष तथा बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयको अध्यक्षता र आम्दा इन्टरनेशनलका अध्यक्ष डा.सिगेरु सुगानामीको उपस्थितिमा बुटवलमा भएको छलफलमा आम्दा इन्टरनेशनल मेडिकल कलेज स्थापनाका लागि प्रक्रिया अगाडि बढाउने निर्णयसमेत गरिएको जनाइएको छ।

यसका लागि समितिका अध्यक्ष तथा उपमहानगर प्रमुख खेलराज पाण्डेयको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल बनाइएको छ। कार्यदलको सदस्यमा आम्दा इन्टरनेशनलका प्रतिनिधि अर्चना जोशी, आम्दा नेपालका अध्यक्ष डाक्टर सुनु दुलाल, बुटवल उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिप्रसाद अर्याल र आम्दा अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा विनोद पराजुली सदस्य सचिव रहेका छन्।

आम्दा अस्पताललाई यस क्षेत्रकै सुविधा सम्पन्न अस्पताल र स्वास्थ्य क्षेत्रको जनशक्ति उत्पादन गर्ने कलेजका रूपमा स्थापित गर्ने योजनाअनुसार काम भइरहेको समितिका अध्यक्ष तथा उप-महानगर प्रमुख पाण्डेयले बताए। अस्पताललाई मेडिकल कलेजका रूपमा स्तरोन्नति गर्न सम्भाव्यता अध्ययन र बाँकी प्रक्रिया पूरा गर्दै जाने गरी तयारी भएको उनले जानकारी दिए।

आम्दा इन्टरनेशनलका अध्यक्ष डा. सुगानामीले अस्पतालको सेवा प्रवाहबारे अनुगमन गरेकी थिइन। आम्दा नेपालका अध्यक्ष डा. दुलाल, आम्दा जापानका कार्यक्रम निर्देशक अर्चना जोशी र आम्दा नेपालका परियोजना निर्देशक सुरेश रेग्मीसहितको टोलीले अस्पतालको सेवाबारे अनुगमन गरेको हो।

अनुगमनका क्रममा आम्दा अस्पताल स्थानीय व्यवस्थापन समितिका अध्यक्ष तथा उपमहानगर प्रमुख पाण्डेय र अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. पराजुलीले अस्पतालको सेवा र अवस्थाबारे जानकारी गराएका थिए। आम्दा अस्पतालमा गतवर्षदेखि नर्सिङ, सामान्य चिकित्सा (एचए) र फार्मेसी विषयमा डिप्लोमा तहको अध्ययन सुरु भएको छ।

# सिद्धार्थ लुम्बिनी रिसोर्टमा क्यासिनो सञ्चालन




कपिलवस्तु। भारतीय पर्यटक आकर्षित गर्ने उद्देश्यले कपिलवस्तुको चन्द्रौटामा ग्रीन ज्याकपट क्यासिनो सञ्चालनमा आएको छ। चन्द्रौटास्थित चारतारे सिद्धार्थ लुम्बिनी ग्रीन रिसोर्टमा बुधबारबाट उक्त क्यासिनो सञ्चालनमा आएको हो। कपिलवस्तुमा पहिलोपटक क्यासिनो सञ्चालन भएपछि भारतीय पर्यटक वृद्धि हुने विश्वास गरिएको छ।

चन्द्रौटामा सञ्चालनमा रहेको सिद्धार्थ लुम्बिनी ग्रीन रिसोर्टमा आकर्षक गेमिङ सुविधासहित क्यासिनो सञ्चालनमा आएसँगै कृष्णनगर नाका भएर क्यासिनो खेल्न आउने भारतीय पर्यटकको संख्या उल्लेख्य मात्रामा वृद्धि हुने सञ्चालकले जनाए।

एक अर्ब रुपैयाँ लगानीमा सञ्चालनमा आएको उक्त रिसोर्टमा आधिकारिक रूपमा बुधबारबाट क्यासिनो सञ्चालनमा आएको रिसोर्टका सञ्चालक लक्ष्मण भण्डारीले बताए। प्रत्यक्ष ५ सय र अप्रत्यक्ष एक हजार जनालाई रोजगारी उपलब्ध गराउने गरी १५ करोड रुपैयाँ लगानीमा क्यासिनो सञ्चालनमा ल्याइएको क्यासिनोका अध्यक्ष राजकुमार भट्टराईले जानकारी दिए।

क्यासिनोका म्यानेजिङ डाइरेन्टर राजिव आचार्यले प्रतिदिन ५ सय भारतीय पर्यटकलाई सेवा दिनेगरि क्यासिनो सञ्चालनमा आएको जनाए। चन्द्रौटा र कृष्णनगरलाई पर्यटकीय हवका रूपमा विकास गर्न सिद्धार्थ लुम्बिनी ग्रीन रिसोर्टले क्यासिनो सञ्चालनमा ल्याएको आचार्यले बताए। क्यासिनो सञ्चालनले कृष्णनगरबाट मुलुक भित्रिने पर्यटकले गेमिङका लागि लुम्बिनी भैरहवा र नेपालगञ्ज सहर जानुपर्ने बाध्यता अन्त्य भएको उनले जानकारी दिए।

# माओवादीउप-महासचिव गजुरेलद्वारा राजीनामा

बुटवल। नेकपा माओवादी केन्द्रका उपमहासचिव हरिबोल गजुरेलले पदबाट राजीनामा दिएका छन्।

गजुरेलले पार्टी नेतृत्वबाट भएका मुख्यतः ६ वटा 'गल्ती' औँल्याउँदै लिखितरूपमा राजीनामा पेस गरेका हुन्। यद्यपि उनको राजीनामा स्वीकृत भए/नभएको खुलाइएको छैन।

राजीनामापत्रमा उनले पदाधिकारी सबैलाई सामूहिक राजीनामा दिनसमेत आह्वान गरेका छन्।

गजुरेलले अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई सम्बोधन गर्दै राजीनामा पत्रमा पार्टी बिग्रनुमा आफू पनि दोषी रहेको स्वीकार गरी प्रायश्चित गरेका छन्।

माओवादीले साउन २५ गतेका लागि स्थायी समितिको बैठक बोलाएको छ। गजुरेलले पार्टीमा देखापरेका समस्या समाधानका लागि बृहत् छलफल नगर्ने हो भने गम्भीर दुर्घटनामा पर्ने चेतावनी दिएका छन्।

राष्ट्रियसभा निर्वाचनमा अध्यक्ष प्रचण्डका भाइ नारायण दाहाललाई अध्यक्ष बनाइएकोप्रति उनले गम्भीर असन्तुष्टि जनाएका छन्।

उनले नेताहरूको जिम्मेवारी दिँदा गरेको गल्तीले नेतृत्वको अक्षमता छताछुल्ल भएको भन्दै ढिला नगरी सच्याउन आग्रह गरेका छन्।

मार्क्सवादको नीति, विचार र विधिबाट पार्टी च्यूत भएको गजुरेलको ठम्याइ छ।

यस्तै, पार्टीको बैठकमा नेताहरूले औपचारिक रूपमा पेस गरेको राजनीतिक विषयवस्तुप्रति कसैको चासो र चिन्ता नभएको र त्यसमा छलफलसमेत नभएकोमा उनको असन्तुष्टि छ।

# सात हजार सात सय ४५ राष्ट्रिय परिचयपत्र वितरण

नेपालगञ्ज। अहिलेसम्म बाँकेमा सात हजार सात सय ४५ राष्ट्रिय परिचयपत्रका कार्ड वितरण भएका छन्।

जिल्ला प्रशासन कार्यालय बाँकेमा आएका ३४ हजार दुई सय ५१ कार्डमध्ये २६ हजार पाँच सय छ कार्ड वितरण हुन बाँकी रहेको सहायक प्रमुख जिल्ला अधिकारी जोरासिंह माझीले जानकारी दिए।

उनले विभागको निर्देशनअनुसार अहिले प्रशासन कार्यालयबाट राष्ट्रिय परिचयपत्रको कार्ड वितरण स्थगन भएको उल्लेख गर्दै कोहलपुर नपा, बैजनाथ र राप्तीसोनरी गाउँपालिकाका केही वडा, राप्तीसोनारी गाउँपालिका-९ तथा नरैनापुर गापाका वडा नं १, २, ३, ४ र ५ का लागि 'रजिष्ट्रेसन'को काम भइरहेको बताए।

"अहिले पनि राष्ट्रिय परिचयपत्रका लागि गाउँगाउँमा धमाधम काम भइरहेको छ।"-उनले भने। जिल्लामा अहिलेसम्म दुई लाख ६६ हजार सात सय ५१ जनाको राष्ट्रिय परिचयपत्रका लागि रजिष्ट्रेसन भएको छ। सोमध्ये ५४ हजार तीन सय ३३ जिल्ला प्रशासन कार्यालयबाट परिचयपत्रका लागि राजिष्ट्रेसन भएको हो।

सहायक प्रजिअ माझीले केही वर्षअघि टोली परिचालन गरेर राष्ट्रिय परिचयपत्र बनाइएको उल्लेख गर्दै उक्त टोलीले २० हजारको रजिष्ट्रेसन गरेको थियो। परिचयपत्र बनाउनेमा नेपालगञ्ज उपमहानगरपालिका, कोहलपुर नगरपालिका, बैजनाथ गाउँपालिका, राप्तीसोनारी गाउँपालिका र नरैनापुर गाउँपालिकाका बढी भएको बताइएको छ। रासस




हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com